**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०२ मई २०२५**
**समयः १८:५० - १९:०० बजे**

**मुख्य समाचार**

- बंगाल भाजपा को नयाँ अध्यक्ष चयनको विषयमा चहलपहल बढेको छ। राज्यसभा सांसद शमिक भट्टाचार्यले आज प्रदेश अध्यक्ष पदका लागि मनोनयन दर्ता गर्नु भएको छ।

- तिब्बती अध्यात्मिक गुरु दलाई लामाले आफ्नो उत्तराधिकारीको पहिचान गर्ने जिम्मेवारी उहाँले स्थापना गर्नु भएको ट्रस्ट बाहेक अरू कसैको नरहेको बताउनु भएको छ।

- नक्सलबाड़ीको हातिघिसामा भू-माफियाहरूद्वारा अवैध रूपमा सिचाई क्यानलमाथि बनाइएको पुललाई प्रशासनले भत्काइदिएको छ।

- खरसाङ पुलिसको सक्रियतामा आज खरसाङमा गाजा बिक्री गरेको आरोपमा दुईजना पति पत्नीलाई पुलिसले पक्राउ गरेको छ।

- मौसम विभागानुसार भोलीदेखि आगामी शनिवारसम्म राज्यभरी नै भारी वर्षाको पूर्वानुमान गरेको छ।

**बंगाल भाजपा अध्यक्ष**

बंगाल भाजपा को नयाँ अध्यक्ष चयनको विषयमा चहलपहल बढेको छ। राज्यसभा सांसद शमिक भट्टाचार्यले आज प्रदेश अध्यक्ष पदका लागि मनोनयन दर्ता गर्नु भएको छ। पार्टीको आधिकारिक वक्तव्यमा उहाँले एक्लैले मनोनयन दर्ता गरेको उल्लेख गरिएको छ, त्यसैले उहाँको अध्यक्ष बन्ने कुरा लगभग पक्का मानिएको छ। यद्यपि, यो सम्बन्धमा अहिलेसम्म आधिकारिक घोषणा गरिएको छैन। यसैबीच, वर्तमान प्रदेश अध्यक्ष सुकान्त मजूमदारले भन्नु भयो, "हाम्रो पार्टी सहमतिका आधारमा चल्ने गर्छ। मलाई विश्वास छ, पार्टीले जसलाई तय गर्छ, उहीले मनोनयन दर्ता गर्नेछ।" श्री भट्टाचार्यको नाम पार्टीको केन्द्रीय नेतृत्वले अघि सारेको हो। मनोनयन दर्तापछि उहाँले सञ्चारकर्मीसँग भन्नु भयो, "मैले पार्टीको निर्देशनमा आफ्नो मनोनयन दर्ता गरेको हो"| पश्चिम बङ्गालमा नयाँ भाजपा प्रदेश अध्यक्षको नियुक्ति यस्तो समयमा हुँदैछ, जब राज्य विधानसभा चुनाव हुन एक वर्ष मात्र बाँकी छ। यसैक्रममा भोली  साइन्स सिटीमा नयाँ प्रदेश अध्यक्षको सम्मानमा कार्यक्रमको आयोजना गरिने भएको छ।

**दलाई लामा उत्तराधिकारी**

तिब्बती अध्यात्मिक गुरु दलाई लामाले आफ्नो उत्तराधिकारी बारे निर्णायक बयान दिनु भएको छ| उहाँले भविष्यमा दलाई लामाको पुनर्जन्म को पहिचान गर्ने जिम्मेवारी भारतमा रहेको दलाई लामाको कार्यालय बाहेक अरू कसैको नरहेको बताउनु भयो। दलाइ लामाले भन्नु भयो उहाँले स्थापना गरेको ट्रस्टलाई मात्र उहाँको पुनर्जन्म छनौट गर्ने अधिकार छ र कसैलाई हस्तक्षेप गर्ने अधिकार छैन। यो चीनको भविष्यको दलाई लामा छनौट गर्ने अडानलाई स्पष्ट रूपमा प्रतिवाद गर्ने संकेत हो। चीनले भविष्यको पुनर्जन्मलाई केन्द्रीय सरकार अर्थात् चीनले अनुमोदन गर्नुपर्ने बताउँदै प्रतिक्रिया जनाएको छ।

**सिक्किम कांग्रेस वक्तव्य**

कांग्रेस प्रवक्ता तथा त्रिपुरा, ओडिशा र नागाल्याण्डका प्रभारी अजय कुमारको सिक्किम सम्बन्धी वक्तव्यले नयाँ विवाद सिर्जना गरेको छ। हिज एआईसीसी मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले सिक्किमलाई "छिमेकी देश" भनेर उल्लेख गरेपछि देशभर आलोचना भएको छ। दार्जिलिङका भाजपा सांसद राजु विष्टले यस वक्तव्यलाई राष्ट्रिय एकताको अपमान भन्दै कडा शब्दमा विरोध जनाउनु भएको छ। सांसद विष्टले यस वक्तव्यलाई केवल भाषास्खलित नभएर काँग्रेस पार्टीभित्रको सोचलाई प्रतिबिम्बित गरेको टिप्पणी गर्नु भएको छ। भाजपा प्रवक्ता शहजाद पूनावालाले पनि कांग्रेसले देशलाई विभाजन गर्ने षड्यन्त्र गरेको आरोप लगाउंदै अजय कुमारको वक्तव्यको कडा आलोचना गर्नु भएको छ| सिक्किमका राजनीतिक दलहरू—सत्तारूढ सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम), विपक्षी दल सिक्किम डेमोक्रेटिक फ्रन्ट (एसडीएफ), र सिटिजन एक्सन पार्टी (सीएपी) अनि भाजपाको सिक्किम युनिट—ले पनि अजय कुमारको वक्तव्य प्रति कडा आपत्ति जनाएका छन्। यी दलहरूले यो टिप्पणी सिक्किमका जनताको अस्मिता र भारतीय पहिचानमाथिको अपमान भएको भन्दै काँग्रेस पार्टीले तत्काल माफी माग्नु पर्ने माग गरेका छन्। यस विवादपछि काँग्रेस नेता अजय कुमारले स्पष्टीकरण दिंदै माफी मागेका छन्। उहाँले भन्नु भयो हिजोको पत्रकार सम्मेलनमा छिमेकी देशहरूको सन्दर्भमा कुरा गर्दै गर्दा गल्तीवश राज्यको नाम लिएको थिएँ। म यसको लागि हृदयदेखि क्षमाप्रार्थी छु।

**नक्सलबाड़ी अवैध पुल**

नक्सलबाड़ीको हातिघिसामा भू-माफियाहरूद्वारा अवैध रूपमा सिचाई क्यानलमाथि बनाइएको पुललाई प्रशासनले भत्काइदिएको छ। सिचाई क्यानलको किनारमा रहेको जमीनलाई बेच्नको लागि भू-माफियाहरूले सिचाई क्यानलमाथि अवैध रूपमा कंक्रिटको पुल बनाएको आरोप छ। यस बारे जानकारी पाएपछि आज भूमि एवं भूमि राजस्व विभागले अभियान संचालन गरी पुललाई ध्वस्त बनाइदियो। नक्सलबाड़ीका भूमि एवं भूमि राजस्व अधिकारी दीपाञ्जन मजुमदारले भन्नु भयो भू-माफियाले अवैध रूपमा पुल निर्माण गरी सड़क बनाउने काम गरिरहेको थियो ताकि अवैध रूपमा सरकारी जमीनलाई बेच्न सकियोस्। आज यस पुललाई जेसीबीको सहयोगमा ध्वस्त बनाइएको छ।

**कलेज-विश्वविद्यालय प्रवेश**

राज्य सरकारले कलेज औ विश्वविद्यालयहरूमा स्नातक पाठ्यक्रममा प्रवेशको निम्ति समय-सीमा बढ़ाइदिएको छ। उच्च शिक्षा विभागको केन्द्रिकृत अनलाइन पोर्टलको माध्यमबाट अब आगामी 15 जुलाईसम्म आवेदन गर्न सकिनेछ। यो जानकारी राज्यका शिक्षा विभागीय वरिष्ठ अधिकारीले दिनु भएको छ। उहाँले बताए अनुसार मुख्यमन्त्री ममता ब्यनर्जीको निर्देशनमा विद्यार्थीहरूको सुविधालाई मध्यनजर गर्दै यो निर्णय लिइएको हो। उच्च शिक्षा विभागकोअनलाइन पोर्टल दुईसप्ताह पूर्व नै शुरू भएको थियो। अहिलेसम्ममा 3 लाख 25 हजार 342 जना विद्यार्थीहरूले नामांकन दर्ता गराएका छन् भने18 लाख 24 हजार 914 आवेदन दर्ता गरिसकिएका  छन्|

**खरसाङ गाजा जफ्त**

खरसाङ पुलिसको सक्रियतामा आज खरसाङमा गाजा बिक्री गरेको आरोपमा दुईजना पति पत्नीलाई पुलिसले पक्राउ गरेको छ। प्राप्त जानकारी अनुसार खरसाङ महकुमा पुलिस अधिकारी (एसडीपीओ) आईपीएस निरजा अनिस शाहको अगुवाईमा पुलिसले छापा मारेर गाजा जफ्त गरेको छ। गुप्त सूचनाको आधारमा खरसाङ बजारदेखि केही परतिर एनएच 110 मा एउटा सानो दोकानमा पुलिसले छापा मार्दा गाजा फेला पारेको छ। पुलिसले दोकनबाट पति पत्नीलाई गाजा बिक्री गरेको आरोपमा पक्राउ गरेर छानबीन गरेको छ। यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै एसडीपीओ निरजा अनीश शाहले आज गाजा बिक्री गरेको आरोपमा दुईजना पति पत्नीलाई नै पुलिसले पक्राउ गरेर अनुसन्धान गरिरहेको बताउनु भएको छ। **उहाँले ड्रग्स विरोधी अभियानको लागि खरसाङ क्षेत्रमा सातवटा स्थानहरुमा नाका चेकिङ राखिएको जानकारी गराउँदै नाका चेकिङको साथै यहाँको जनता सचेत भएर ड्रग्स विषयमा पुलिसलाई जानकारी गराएको खण्डमा पुलिसले तुरुन्तै एक्शन लिने**

**पनि बताउनु भएको छ। एसडीपीओ निरजा अनीश शाहले आज जफ्त गरिएको गाजा कति रहेको र यसको बजार मूल्य कति छ भन्ने विषयमा नारकोटिङ विभागले हेरेर तय गर्ने पनि बताउनु भएको छ।**

**दार्जीलिङ ट्राफिक समस्या**

हिमालयन ट्रान्सपोर्ट को-अर्डिनेशन कमिटीले दार्जीलिङको ट्राफिक समस्यामाथि सम्बन्धित निकाय अनि प्रशासनले ठोस निर्णय नलिएको खण्डमा आगामी विधानसभा चुनाउमा कमिटीका सदस्यहरूले नोटामा भोट हाल्ने चेताउनी दिएका छन्। यद्यपि, यसअघि भने कमिटीले सम्बन्धित निकाय, प्रशासन, सांसद, विधायकहरूलाई एकपल्ट ज्ञापन पेश गर्ने भएको छ। यसरी नै गाड़ी चालकहरूले मुख्य पर्यटन मौसममा घरमा बस्ने सर्वसम्मतिद्वारा निर्णय गरिएको पनि कमिटीका अध्यक्ष पासाङ शेर्पाले बताउनु भएको छ। दार्जीलिङको ट्राफिक जामको समस्या समाधानको विषय लिएर नै आज हिमालयन ट्रान्सपोर्ट को-अर्डिनेशन कमिटीले दार्जीलिङमा एक सभाको आयोजना गरेको थियो।

**हरिभक्त कटुवालको ९१औं जन्मजयन्ती**

कवि हरिभक्त कटुवालको ९१औं जन्मजयन्ती खर्सांगको असित राई स्मृति साहित्यिक मञ्च र ब्लूमफिल्ड महकुमा पुस्तकालयको संयुक्त आयोजनामा आज पुस्तकालय भवनमा भव्य रूपमा मनाइयो। कार्यक्रममा अध्यक्षता मञ्चका अध्यक्ष ऋषि राईले गर्नुभएको थियो। कार्यक्रमको प्रमुख अतिथि कमल भण्डारी हुनुहुन्थ्यो भने विशिष्ट अतिथिहरूमा रबिन कुमार प्रधान, आइ. एन. शर्मा, विनय लामा, ज्ञल्पो लामा र श्रीमती शान्ति राई रहनुभएको थियो। कविको तस्वीरमा धूप, दीप र खादा अर्पण गरेर कार्यक्रमको शुभारम्भ गरिएको थियो। त्यसपछि सचिव दीपक ठटालले स्वागत मन्तव्य दिनु भएको थियो। कविता वाचन कार्यक्रममा स्कट मिशन स्कुलका सुष्मिता तिम्सिना र सृजा राई, पुष्परानी रॉय मेमोरियल स्कुलका प्रभाकर बराइली र रेश्मा गुरुङ, तथा सेंट जोसेफ स्कुलका नियन्का छेत्री र रमित पण्डित लेप्चाले कविताहरू प्रस्तुत गरेका थिए। कवि परिचय गुडिया खातुनले प्रस्तुत गर्नुभएको थियो भने पदम खातीले गीत प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमको विशेष आकर्षण स्वरूप साहित्यकार श्रीमती शान्ति राईलाई सम्मान गरिएको थियो।

**मौसम**

पश्चिम बंगालबाट निम्न दबाव क्षेत्र हटे पनि वर्षा अनि तीव्र हावा चल्न जारी छ। मौसम विभागानुसार भोलीदेखि आगामी शनिवारसम्म राज्यमा भारी वर्षा हुने सम्भावना रहेको छ। यस अवधि समुद्रमा तीव्र छाल आउनसक्छ। त्यसैले जालहारीहरूलाई समुद्रमा नजाने परामर्श दिइएको छ। मौसम विभाग अनुसार उत्तर बंगालका सबै जिल्लाहरूमा आज हल्कादेखि मध्यम वर्षा सहित कतिपय स्थानहरूमा भारी वर्षा हुनसक्छ। दार्जीलिङ लगायत पहाड़ी जिल्लाहरूमा शनिवारसम्म छरिएको वर्षा हुनसक्ने अनुमान छ भने 30-40 किलोमीटर प्रतिघण्टाको गतिले हावा चल्नसक्छ। मौसम विभागले उत्तर बंगालका जिल्लाहरूको लागि यल्लो अलर्ट जारी गरेको छ। मौसम विभागले स्पष्ट पारेको छ, आगामी आइतवारदेखि वर्षा केही कम हुने आशा छ, तर त्यसबेलासम्ममा सम्पूर्ण राज्य सतर्क अनि होसियार रहन आवश्यक छ।